# मुसिकोट नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ५ कार्तिक 12, 2077

## भाग - २

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालयको
## सूचना

## सहकारी संस्थाको दर्ता, संचालन तथा नियमन सम्बन्धी कार्यविधि २०७७

संवत २०७७ सालको कार्यविधि नं. ५

**प्रस्तावना :** मुसिकोट नगरपालिकाको सहकारी ऐन २०७४ को दफा १०१ मा व्यवस्था भए बमोजिम सहकारी संस्थाहरुलाई व्यवस्थित र मर्यादित बनाउन यसको दर्ता, नविकरण, एकिकरण, नियमन र अनुगमन कार्यलाई सहज बनाई सेवाग्राहीलाई छिटोछरितो सेवा प्रवाह गर्न

मुसिकोट नगरपालिकाले सहकारी ऐन, २०७४ को दफा १०१ बमोजिम **"सहकारी दर्ता, संचालन तथा नियमन सम्बन्धी कार्यविधि, २०७७"** तयार गरि स्वीकृत गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **"सहकारी दर्ता, संचालन तथा नियमन सम्बन्धी कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) “कार्यविधि” भन्नाले सहकारी दर्ता, संचालन तथा नियमन सम्बन्धी कार्यविधि, २०७७ लाई सम्झनुपर्छ ।

(ख) “बचत” भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(ग) “मुख्य कारोबार” भन्नाले संस्थाले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्ष सम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोवारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्छ ।

(घ) “विनियम” भन्नाले सम्बन्धित सहकारी संस्थाले सहकारी ऐनको दफा १७ बमोजिम बनाएको विनियम सम्झनुपर्छ ।

(ङ) "ऐन" भन्नाले मुसिकोट नगरपालिकाको सहकारी ऐन २०७४ लाई सम्झनुपर्छ ।

(च) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पूजीको अंश सम्झनुपर्छ ।

(छ) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(ज) "सदस्य" भन्नाले सहकारी सस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनुपर्छ ।

(झ) "सहकारी मूल्य" भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ ।

(ञ) "संस्थाको व्यवसाय" भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ ।

(ट) "सहकारी सिद्धान्त" भन्नाले स्वैच्छिक सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ ।

(ठ) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा ४ बमोजिम दर्ता भएको विषयगत वा बहुद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ ।

(ड) “साधारण सभा” भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ ।

(ढ) “कार्यालय” भन्नाले मुसिकोट नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(ण) “नगरपालिका” भन्नाले मुसिकोट नगरपालिका, रुकुम ( पश्चिम) सम्झनु पर्छ ।

(त) “एकीकरण कार्य” भन्नाले दुई वा दुई भन्दा बढी संघ/संस्थाहरुबीच एक आपसमा भएको सम्झौता बमोजिम एकीकरण हुने कार्य सम्झनु पर्छ र सो शब्दले दुई वा दुई भन्दा बढी संघ/संस्था एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्य समेतलाई जनाउँछ ।

## परिच्छेद -२

## सहकारी संस्थाको दर्ता, नविकरण

३. **संस्थाको गठन सम्बन्धी व्यवस्था :** यस नगरपालिकाको एक वा एक भन्दा वढि वडा वा सबै वडाहरुलाई कार्यक्षेत्र तोकी ऐनको दफा ३ बमोजिम संस्था गठन गर्दा देहाय बमोजिम प्रक्रिया पुरा गर्नुपर्नेछ ।

**(क)आपसी सरसल्लाह :** सहकारी संस्था गठन गर्न इच्छुक व्यक्तिहरुले बैचारिक स्तरमा संस्थाको उपादेयताको प्रारम्भिक लेखाजोखा गर्नु नै आपसी सरसल्लाह हो । सहकारी बनाउन चाहने व्यक्तिहरुको विचमा छलफल हुनु पर्दछ ।

**(ख)पूर्व परामर्श :** सहकारी संस्था दर्ता हुनु पुर्व आपसी सरसल्लाहकै दौरानमा दर्ता गर्ने अधिकारीसँग यथाशक्य

आवश्यक पूर्व परामर्श गरेर वास्तविक सहकारी अभ्यास एवं सम्भावनाका सम्बन्धमा प्रष्ट हुनु पर्दछ ।

**(ग)पूर्व सहकारी शिक्षा :** सहकारी संस्थाको विनियम तर्जुमा अगावै दर्ता गर्ने अधिकारीबाट दरखास्तवालाहरु प्रत्येकले कम्तीमा एक दिनको पूर्व सहकारी कक्षा पाएको हुनुपर्ने, त्यसपछि मात्र विनियम तथा व्यवावसायिक कार्ययोजना बनाएको हुनुपर्ने र त्यसपछि नितान्त लोकतान्त्रिक ढङ्गले तदर्थ संचालक समितिका अध्यक्ष लगायत सदस्य चुनेको हुनुपर्दछ ।

**(घ) प्रथम प्रारम्भिक भेला :** प्रस्तावित संस्था गठन गर्न इच्छुक व्यक्तिहरुको प्रारम्भिक भेला बोलाउनुपर्दछ । भेलामा संस्थाको किसिम अनुसार गठन गर्न कानुनत : चाहिने न्युनतम संख्यामा इच्छुक सबै व्यक्तिहरु अनिवार्य रुपमा उपस्थित हुनुपर्दछ । भेलामा उपस्थित व्यक्तिहरुबाट भेलाले तोकेको व्यक्तिको संयोजकत्वमा बैठक बसी अनुसुची ३ बमोजिमको कार्यसुचीमा विचार विमर्श गरेर निर्णय लिनुपर्दछ । प्रथम प्रारम्भिक भेलाको नमुना अनुसुची ३ मा व्यवस्था गरिएको छ ।

**(ङ) दोस्रो प्रारम्भिक भेला :** अघिल्लो प्रारम्भिक भेलाले सुम्पेको जिम्मेवारी अनुसार विभिन्न समितिहरुले कार्य सम्पन्न गरेपछि त्यस बिचमा इच्छुक अन्य व्यक्तिहरु समेतलाई दोस्रो प्रारम्भिक भेलामा डाकि संस्थाको किसिम अनुसार गठन गर्न कानुनतः चाहिने न्युनतम संख्या पुगेको उपस्थितिमा अनुसुची ४ बमोजिमको कार्यसुचीमा छलफल चलाएर निर्णय गर्नुपर्दछ । दोस्रो प्रारम्भिक भेलाको अनुसुची ४ मा व्यवस्था गरिएको छ ।

**(च) संस्था दर्ताको आवेदन :** माथि उल्लेख भए अनुसारको प्रक्रिया पुरा गरिसकेपछि अनुसुची १ को ढाँचामा तदर्थ सञ्चालक

समितिका अध्यक्षको तर्फबाट प्रस्तावित संस्थाको अनुसुची २२ का विषयहरु समेटिएको दुई प्रति सक्कलै विनियम लगायत अनुसुची १५ मा उल्लिखित सम्पुर्ण कागजातहरु संलग्न राखेर दर्ता गर्ने अधिकारी समक्ष आवेदन दिनुपर्दछ।

४. **दर्ता सम्बन्धी व्यवस्था :** सहकारी ऐनको दफा ५ र ६ बमोजिम संस्था दर्ता गर्दा देहायको प्रक्रिया पुरा गर्नुपनेछ।

(क) **प्रारम्भिक छानविन :** प्रारम्भिक छानबिन अनुसुची १४ बमोजिमको सिद्धान्तसम्मतिको जाँच गर्नुपर्दछ। अनुसुची १४ बमोजिम सहकारी मुल्य, सिद्धान्त, मान्यताहरुसंग मिल्दो जुल्दो छैन भने प्राप्त आवेदन दर्ता नगरी दरपिठ गरिदिनु पर्दछ। र त्यस सँग मेल खाने गरी बनाउन लगाउनु पर्दछ।

(ख) **विस्तृत छानविन :** आवेदन दर्ता भएपछि संस्थाको विनियमका व्यवस्थाहरु अनुसुची १४, १५ र १६ मा नियामक सरोकारका बिषयहरुसँग मेल खाने हुनुपर्दछ। यदि त्यसो हुन नसके विनियमको प्रस्तावित कुनै बन्दोबस्तमा संशोधनको सुचना १५ दिन भित्र सम्बन्धीत व्यक्तिलाई जानकारी दिनुपर्नेछ।

(ग) **स्थलगत छानविन :** कागजपत्रहरु तथ्यपूर्ण भए नभएको तथा सोहि वडामा एउटै उद्देश्यको सहकारी संस्था यस अघि दर्ता भए नभएको यकिन गर्न आवश्यक देखिएमा स्थलगत छानविन गर्न सकिनेछ।

(घ) **विशेषिकृत परामर्श :** सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीलाई द्विविधा वा अन्यथा उपयुक्तताको प्रश्न उत्पन्न भएको खण्डमा सम्बन्धित निकायको परामर्श लिनसक्नेछ।

(ङ) **दर्ता :** प्राप्त आवेदन सहितको कागजातहरू छानविन गर्दा सबै

प्रक्रिया पुरा भएको पाइएमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर लिई त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची (२) बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

**(च)दर्ता गर्न अस्वीकार गर्न सक्ने :** विनियम संशोधनको लागि सूचना दिएको अवधि भित्र आवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी विनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

५. **सहकारी नविकरण सम्बन्धी व्यवस्था :** यस नगरपालिकामा दर्ता भएका सहकारी संस्था प्रत्येक आर्थिक बर्षका लागी नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर तिरी नविकरण गर्नुपर्नेछ । नविकरणको आवेदन साथ देहायका कागजातहरु समेत पेश गर्नपर्नेछ ।

क) सहकारी संस्थाको सक्कल प्रमाण पत्र

ख) यस कार्यविधिको अनुसुची -१७ अनुसारको प्रतिवेदन

ग) लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी

घ) साधारण सभा बसेको निर्णय प्रतिलिपी

ङ) करचुक्ता प्रमाण पत्रको प्रतिलिपी

च) स्थानिय तहलाई तिर्नुपर्ने कर तिरेको निस्साको प्रतिलिपी

## ६. विनियम तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धी व्यवस्था :

(१) सहकारी ऐनको दफा १९ बमोजिम सहकारी संस्थाको विनियम तथा आन्तरिक कार्यविधि संशोधन गर्न देहाय बमोजिमका कागजात हुनुपर्नेछ ।

क) संशोधन गरिपाउँ भन्ने निवेदन

ख) साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन गर्ने निर्णय प्रति

ग) संशोधित विनियम वा आन्तरिक कार्यविधि दुई प्रति

(२) उपदफा १ बमोजिम पेश भएको संशोधित विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारी बाट स्वीकृत गराई प्रमाणित गराउनु पर्नेछ ।

## ७. नाम, ठेगाना र वर्गिकरण संशोधन सम्बन्धी व्यवस्था :

(१) सहकारी संस्थाहरुले नाम/ठेगाना/वर्गिकरण संशोधन गर्नु परेमा देहायको प्रक्रिया पुरा गर्नु पर्नेछ ।

क) संशोधन गरी पाउँ भन्ने निवेदन ।

ख) साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट नाम/ठेगाना/वर्गिकरण संशोधन गर्ने निर्णय प्रति

ग) संशोधित विनियम दुई प्रति

(२) उपदफा १ बमोजिम पेश भएको संशोधित विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारी बाट स्वीकृत गराई प्रमाणित गराउनु पर्नेछ ।

८. **सुचीकृत गर्नुपर्ने:** अन्य तह दर्ता भई मुसिकोट नगरपालिका समेत कार्यक्षेत्र कायम गरी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले यस नगरपालिकामा सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित कार्यालयमा सुचिकृत गर्नु पर्नेछ ।

## परिच्छेद -३

## एकीकरण र दर्ता खारेज

### ९. सहकारी संघ/संस्थाहरु एकीकरण सम्बन्धी व्यवस्था :

**(क) एकीकरण गर्न सकिने सहकारी संघ/संस्थाहरु** : निम्न संघ/संस्थाहरुलाइ एकीकरण गर्न सकिने संघ/संस्थामा राख्न सकिनेछ ।

(१) एउटै कार्य क्षेत्र भित्र रहेका, एक भन्दा बढी सहकारी संस्थाहरु ।

(२) फरक वडा भए पनि कार्य क्षेत्र जोडिएका संस्थाहरु

(३) सञ्चालन लागत घटाएर सदस्यहरुलाई बढी लाभ बितरण गर्न चाहने संस्थाहरु ।

(४) एउटै विषयसंग मेल खाने खालका संघहरु ।

**(ख) एकीकरणको व्यवस्थापन** : एकिकरणको व्यवस्थापन निम्नानुसार गर्नु पर्दछ :

(१) एकीकरण गरिने संघ/संस्थाहरूको आवश्यकता पहिचान गर्ने,

(२) एकीकृत हुने संघ/संस्थाहरूका शेयर सदस्य तथा सञ्चालक समिति, लेखासमिति र अन्य उप समितिका सबै सदस्य वा पदाधिकारी अथवा आवश्यकता अनुसारको उपस्थितिमा एकीकरण सम्बन्धी अन्तर्क्रिया छलफल कार्यक्रमको संचालन गरी सहमति जुटाउने,

(३) उपयुक्त अन्तरक्रिया छलफल पश्चात एकीकृत हुन चाहने संघ/संस्थाहरूको सञ्चालक समितिको बैठकबाट एकीकरणको निमित्त शर्त र कार्यविधि तयार पार्न बढीमा ५ सदस्यीय संयुक्त कार्यदल निर्माण गर्ने,

(४) कार्यदलले शर्त तथा कार्यविधिमा गहन वहस र छलफल पश्चात संशोधनका शर्त तथा कार्यविधि तयार पारी बढीमा ७ दिनभित्र एकीकृत हुन चाहने संघ/संस्थाहरूमा प्रस्तुत गर्ने,

(५) कार्यदलले प्रस्तुत गरेको शर्त र कार्यविधिलाई एकीकृत हुन चाहने संघ/संस्थाहरूको सञ्चालक समितिको बैठकबाट साधारण सभामा लैजाने गरी अन्तिम रुप दिने,

(६) एकीकरण गर्ने संघ/संस्थाहरूको शर्त तथा कार्यविधि सञ्चालक समितिले पारित गरेपछि सम्बन्धित संघ/संस्थाहरूको नियमित साधारण सभाको समय भए त्यसैमा सो नभए विशेष साधारण सभा डाक्ने र शर्त तथा कार्यविधि प्रस्तुत गर्ने ।

(७)एकीकरणमा संलग्न हुने संघ/संस्थाहरुले सम्वन्धित मुसिकोट नगर कार्यपालिकाको कार्यालय र छाता

संघसंगठनको आवश्यक राय, सुझाव र सहमति प्राप्त गर्ने ।

**(ग) पूर्व स्वीकृति लिनु पर्ने** :

(१) दफा ९(क) बमोजिम योग्य दुई वा दुई भन्दा बढी संघ/संस्थाले एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित आ-आफ्नो संचालक समितिबाट प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य गर्न मुसिकोट नगर कार्यपालिकाको कार्यालयमा पूर्व स्वीकृतीका लागी निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पछि मुसिकोट नगर कार्यपालिकाका कार्यालयले माग बमोजिम संघ/संस्थाहरु एकीकरण गर्न योग्य देखिए एकीकरणको कार्य अगाडि वढाउन पूर्व स्वीकृति दिनु पर्नेछ ।

तर पूर्व स्वीकृति नलिएको भएतापनि संघ/संस्थालाइ एकीकरण गर्ने गरी स्वीकृति दिन यस उपदफाले वाधा पुऱ्याएको मानिने छैन ।

**(घ) सम्पत्ति तथा दायित्वको मूल्याङ्कन सम्बन्धी व्यवस्था :**

(१) मुसिकोट नगर कार्यपालिकाको कार्यालयबाट पूर्व स्वीकृति लिएपछि एकीकरण हुन चाहने संघ/संस्थाले आ-आफ्नो सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन

गराउनु पर्ने अवस्था भए मुल्यांकनकर्ता नियुक्ति गरी सम्पत्ति र दायित्वको मुल्यांकन गराउनु पर्नेछ ।

(२) मूल्यांकनकर्ताले पेश गर्ने प्रतिवेदनमा संस्थाको देहाय बमोजिमका विषयहरुमा किटानीका साथ राय पेश गर्नु पर्ने छ र एकीकरण कार्यबाट उक्त विषयमा पर्ने प्रभावको विस्तृत विश्लेषण समेत गरेको हुनुपर्नेछ :-

(क) कर्जा वर्गीकरण,

(ख) कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,

(ग) प्रचलित कानून तथा नियमनको पालना स्थिति,

(घ) तरलता विवरण,

(ङ) जनशक्ति व्यवस्थापन र

(च) अन्य आवश्यक विषयहरु ।

**(ङ) एकीकरणमा राख्नु पर्ने शर्त र कार्यविधिका विषयहरूः** एकीकरणमा निम्न शर्त तथा कार्यविधिहरु राख्नु पर्छ ।

(१) कुन कुन संस्थासंग एकिकरण गर्ने हो सो उल्लेख गर्ने ।

(२) एकिकृत संस्थाको नाम एकिकृत हुने संस्थाहरु मध्ये कुन संस्थाको नाम राख्ने हो वा नयां नाम के राख्ने हो सो को उल्लेख गर्ने र संस्थाको कार्यालय कहाँ रहने हो ठेगाना समेत उल्लेख गर्ने ।

(३) एकिकृत संस्थाको कार्य क्षेत्र कति रहने हो सो एकिन गर्ने । कार्य क्षेत्र एकिन गर्दा मापदण्डमा रहेको व्यवस्थाको अनुसरण गर्ने ।

(४) कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ विनियम तर्जुमा गर्ने वा कुनै विनियममा संशोधन गर्ने हो उल्लेख गर्ने ।

(५) शेयर पूँजिको रकम, विनियममा व्यवस्था भए बमोजिमका कोषमा रहेको रकमहरु एकिकृत संस्थामा के कसरी समावेश गर्ने र उपयोग गर्ने तरिका (जस्तै : एकिकृत हुने संस्थाहरुको शेयर पूँजिको रकम र संस्थाको विभिन्न कोषमा रहेको रकम तथा सदस्य संख्या सामान्यतया असमान हुन्छन ।)

(६) संस्थाको सम्पत्ति एकिकृत संस्थामा के कसरी प्रयोग गर्ने र दायित्वहरु के कसरी भुक्तानी गर्ने सो सम्बन्धी विषय ।

(७) अन्य आवश्यक विषयहरु ।

**(च) एकीकरणको साधारण सभामा प्रस्तुत गरिने विषयहरू** : संघ/संस्था एकिकरण कार्यको लागि साधारण सभामा निम्न विषयहरु पेश गर्नु पर्नेछ :

(१) एकीकरणका शर्त तथा कार्यविधि सम्बन्धी विवरण,

(२) एकीकृत हुने अघिल्लो दिन सम्मको वासलात,

(३) आन्तरिक लेखा परीक्षण प्रतिवेदन,

(४) साधारणसभाबाट एकीकरणको स्वीकृति लिने कार्यका लागि अधिकार प्रत्यायोजन गरी प्रतिनिधि तोक्ने कार्य,

(५) एकीकरण पछि कुनै विवाद भए विवाद समाधान गर्न एकीकृत हुन आउने संघ/संस्थाबाट वढीमा ५ जनाको विवाद समाधान समिति गठन गर्ने,

(६)एकीकृत संघ/संस्थाहरूको सम्पति(स्थायी भए) नियमानुसार नामसारी सम्बन्धी विषय,

(७) संघ/संस्थाहरुको ऋण लगानी, ऋण असुली र भुक्तानी, बचत तथा ऋणको व्याजदर, सदस्यताको क्रम संख्या, शेयर प्रमाण पत्र लिने दिने, कर्मचारी व्यवस्थापन, कारोवार स्थगन जस्ता विषयहरूमा कुनै छुट्टै व्यवस्था गर्नु पर्ने भए सो समेत निर्णय गर्ने ।

**१०. विघटन र दर्ता खारेजः** : सहकारी ऐनको दफा ६६ बमोजिम दर्ता गर्ने अधिकारले सहकारी संस्थाको दर्ता खारेजी तथा विघठन गर्न सक्नेछ ।

## परिच्छेद -४

## निरीक्षण तथा अनुगमन

### ११. नियमित अनुगमन

(क) सहकारी संस्थाहरुको भए गरेका क्रियाकलापहरुको बर्षमा कम्तीमा एक पटक कार्यालयले नियमित अनुगमन गर्न सक्नेछ ।

(ख)उपदफा (क) बमोजिम नियमित अनुगमन गर्ने नगरपालिकाको कर्मचारी/पदाधिकारी/समितिले अनुगमन पश्चात अनुसुची १८ बमोजिमको प्रतिवेदन पेश गर्नुपर्नेछ।

## १२. संघन अनुगमन

(क) सहकारी संस्थाहरुले विनियममा उल्लेखित उद्देश्य विपरित कार्य गरेमा, संस्थाको रकम हिनामिना गरेमा, नियमित अनुगमनमा सहयोग नगरेमा, सहकारी सिद्धान्त मुल्यमान्यता विपरित कार्य गरेमा वा अन्य कुनै विवाद उत्पन्न भई नगरपालिकाले आवश्यक ठानेमा जुनसुकै बखत पनि संघन अनुगमन गर्न सक्नेछ।

(ख) संघन अनुगमनका लागी आवश्यक पर्ने अनुसुची १९ र २० बमोजिमका तथा अनुगमन टोलीले मागेका अन्य आवश्यक विवरण तथा कागजात सहकारी संस्थाले संघन अनुगमन टोलीलाई उपलब्ध गराउनु पर्नेछ।

(ग) संघन अनुगमन सम्पन्न पश्चात अनुगमन टोलीले आफ्नो राय सुझाव सहित अनुसुची २१ बमोजिमको अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ।

**१३. यसै कार्यविधि अनुसार मान्य हुने :** यस अघि दर्ता भएका स्थानीय स्तरका सहकारी संस्थाहरु यसै कार्यविधि अनुसार दर्ता भए सरह मान्य हुनेछ।

# अनुसूची १

## (दफा ३ (च) संग सम्बन्धित)

## संस्था दर्ताको दरखास्तको नमुना

मिति : २०... ।. ...

श्री ........................................ज्यू,
मुसिकोट नगर कार्यपालिकाको कार्यालय ........ .

विषय : **सहकारी संस्थाको दर्ता** सम्बन्धमा ।

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायकोसंस्था दर्तागरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसैसाथ संलग्न राखी पेश गरेका छौं ।

**संस्थासम्बन्धी विवरण**

(क) प्रस्तावित संस्थाको नाम :-

(ख) ठेगाना :-

(ग) उद्देश्य :-

(घ) मुख्य कार्य :-

(ब) कार्यक्षेत्र :-

(च) दायित्व :-

(छ) सदस्य संख्या :-

(१) महिला ........ जना

(२) पुरुष ......... जना

(ज) प्राप्त सेयर पूँजीको रकम :– रु. ....

(झ) प्राप्त प्रवेश शुल्कको रकम :- रु. ..... .

# अनुसूची २

**(दफा ४ (ङ) संग सम्बन्धित)**

**संस्था दर्ता प्रमाण-पत्रको नमूना**

**मुसिकोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**मुसिकोट, रुकुम (पश्चिम)**

**सहकारी दर्ता प्रमाण-पत्र**

दर्ता नं. :

दर्ता मिति :

मुसिकोट नगरपालिका सहकारी ऐन, २०७४ को दफा .... बमोजिम श्री ... ... ... ... ... ... . ... ... .लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित योप्रमाण-पत्र प्रदान गरिएकोछ । यस नगर क्षेत्रभित्र छरिएर रहेको श्रम, पूँजी र प्रविधिको संभावनाको अत्युत्तम प्रयोग मार्फत नगरको समृद्धिमा टेवा पुग्ने अपेक्षाका साथ उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

वर्गीकरण : ... ... ... ... ... ... ... ...

दस्तखत :

दर्ता गर्ने अधिकारीको नाम :

कार्यालयको छाप :

## अनुसूची ३

## (दफा ३ (घ) संग सम्बन्धित)

### पहिलो प्रारम्भिक भेला

मिति … … … … … … का दिन हामी तपसिलका व्यक्तिहरूले सहकारी संस्था खोली सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर उठाउने अभिप्रायले श्री … … … … … … को अध्यक्षतामा पहिलो प्रारम्भिक भेला गरी तपसिलबमोजिमका विषयहरूमा गहन छलफल एवं सान्दर्भिक निर्णय लिइयो ।

| सि. नं. | नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

| | | | |
|---|---|---|---|
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |

प्रस्तावहरू

१. संस्था गठन गर्ने;

२. संस्थाको नाम र ठेगाना राख्ने;

३. उद्देश्य र कार्य तय गर्ने;

४. कार्यक्षेत्र निर्धारण गर्ने;

५. सेयर र प्रवेश शुल्कको रकम तोक्ने;

६. तदर्थ सञ्चालक समिति गठन गर्ने;

७. संस्थाको विनियम, कार्ययोजना, सम्भाव्यता अध्ययन प्रतिवेदन, आर्थिक तथा प्रशासनिक नियमावली र बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिको को मस्यौदा तयार गर्ने समिति गठन गर्ने,

८. सेयर र प्रवेश शुल्कबापत उठेको रकम जिम्मा दिने;

९. स्व-घोषणा गर्ने;

१०. दर्ता गर्ने अधिकारीसँग पूर्व-परामर्श लिने;

११. पूर्व-सहकारी कक्षा चलाउने र

१२. विविध ।

## निर्णयहरू

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र विधिअनुरूप एकजुट भएर स्वावलम्बन, पारस्परिकता र किफायतको वृद्धि गर्दै आफ्नो आर्थिक-सामाजिक जीवनस्तर उठाउन विभिन्न व्यावसायिक सेवाहरू एवं सशक्तीकरणका कार्यहरू सञ्चालनार्थ सहकारी ऐन, नियम बमोजिम ... ... ........ ... सहकारी संस्था गठन गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रस्तावित सहकारी संस्थाको नाम श्री ... ... ................................ सहकारी संस्था लिमिटेड राख्ने निर्णय गर्दै ठेगाना ... ...................... ... ... राखी दर्ता भएपछि कार्यालय स्थापना गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

सदस्यहरूको व्यक्तित्व विकास, व्यावसायिक विकास र सामुदायिक विकासका उद्देश्य र तदनुसारका कार्यहरू विनियममा उल्लेख गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रस्तावित ... ... ............... ...सहकारी संस्था को कार्यक्षेत्र ... ... ............. ...जिल्लाको ... ... ... ... नगरपालिकाको वडा नं ... ...राख्ने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रस्तावित ... ... ... ...सहकारी संस्था को प्रतिसेयर मूल्य रु. ... ...र प्रवेश शुल्कबापतको रकम रु. ... ...राख्ने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ का सम्बन्धमा आजको भेलाबाट प्रस्तावित ... ..................... ... सहकारी संस्थाको तदर्थ सञ्चालक समिति देहाय बमोजिमको गठन गर्ने प्रस्ताव पारित गरियो । (अनुसुची १३ बमोजिमको फाराम भर्ने )

| सि.नं. | प्द | नाम, थर |
|---|---|---|
| १ | अध्यक्ष | |
| २ | उपाध्यक्ष | |
| ३ | सचिव | |
| ४ | कोषाध्यक्ष | |
| ५ | सदस्य | |
| ६ | सदस्य | |
| ७ | सदस्य | |

## निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस सहकारी संस्थालाई विधिवत् दर्ता गरी सञ्चालन गर्न आवश्यक पर्ने सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार पार्न, कार्ययोजना तर्जुमा गर्न र विनियम, आर्थिक-प्रशासनिक नियमावली एवं बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिको बनाउनका लागि तपसिलबमोजिमका व्यक्तिहरू रहने गरी मस्यौदा, अध्ययन वा तर्जुमा समितिहरू गठन गर्ने र समितिहरूले मिति २०...।.....।.....मा हुने दोस्रो भेलामा आ-आफ्नो मस्यौदा पेस गर्ने निर्णय गरियो ।

## क. विनियम मस्यौदा समिति

श्री ... ... ... ... ... ... ... ...-संयोजक

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री ... ... ... ... ... ... ... ...-सदस्य-सचिव

## ख. कार्ययोजना तर्जुमा समिति

श्री ... ... ... ... ... ... ... ...-संयोजक

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री ... ... ... ... ... ... ... ... -सदस्य

श्री ... ... ... ... ... ... ... ... -सदस्य-सचिव

## ग. सम्भाव्यता अध्ययन समिति

श्री ... ... ... ... ... ... ... ...-संयोजक

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री .. ... ... ... ... ... ... ... -सदस्य

श्री ... ... ... ... ... ... ... ...-सदस्य-सचिव

## घ. आर्थिक-प्रशासनिक नियमावली मस्यौदा समिति

श्री ... ... ... ... ... ... ... ...-संयोजक

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री... ... ... ... ... ... ... ... -सदस्य

श्री ... ... ... ... ... ... ... ...-सदस्य-सचिव

## ङ. बचत परिचालन निर्देशिका मस्यौदा समिति

श्री ... ... ... ... ... ... ... ...-संयोजक

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री … … … … … … … …-सदस्य-सचिव

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ का सम्बन्धमा संस्था दर्ता गर्ने प्रयोजनका लागि सम्पूर्ण सदस्यहरूबाट प्राप्त भएको सेयरबापतको रकम रु. ..... … र प्रवेश शुल्कबापतको रकम रु. ......... … गरी जम्मा उठेको रकम रु. … … (अक्षरेपि रुपैयाँ … … … ............................ ) संस्था दर्ता भएपश्चात् संस्थाको नाममा बैङ्क खाता खोली जम्मा गर्ने गरी हालका लागि अनुसुची ९ बमोजिमको भरपाई गराई संस्थाका तदर्थ समितिका … … … … … श्री … … … … … … को जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्रस्तावित यस सहकारी संस्थाका सदस्यहरूको स्व-घोषणा तयार गरी मिति २०.....।… …।....... मा हुने दोस्रो भेलामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० मा छलफल गर्दा तदर्थ सञ्चालक समितिका अध्यक्ष र यथाशक्य मस्यौदा समितिहरूका संयोजकहरू सबै जनाले मस्यौदा कार्य थाल्नुअगावै दर्ता गर्ने अधिकारीसँग भेटी पूर्व-परामर्श गर्ने तय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि भएको छलफलबाट दर्ता गर्ने अधिकारीका तर्फबाट स्रोत व्यक्तिहरू मिल्ने सम्भावनासमेत हेरी दोस्रो प्रारम्भिक भेला नराख्दै पूर्व- सदस्य कक्षा राख्ने टुङ्गोमा पुगियो ।

## निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा संस्थाको दोस्रो भेला मिति २०...। ...।... मा गर्ने निर्णय गरियो । आजको यस भेलाले सहकारी संस्था खोल्ने सम्बन्धमा महत्वपूर्ण निर्णय गरेको हुँदा उपस्थित सहभागीलाई भेलाको अध्यक्षबाट धन्यवाद ज्ञापन गरियो । साथै सबै जना मन, बचन र कर्मले एकजुट भएर सहकारी माध्यमबाट अघि बढ्ने सङ्कल्पका साथ यो प्रारम्भिक भेला समापन गरियो ।

# अनुसूची ४

## (दफा ३ (ङ) संग सम्बन्धित)

## दोस्रो प्रारम्भिक भेला

मिति २०.....।.....।..... का दिन हामी तपसिलका व्यक्तिहरूको उपस्थितिमा प्रस्तावित ... ... ... ... ... ...........सहकारी संस्थाको तदर्थ सञ्चालक समितिका अध्यक्ष श्री ... ... ... ... ... ... को अध्यक्षतामा दोस्रो भेला बसी विविध विषयहरू माथि गहन छलफल गरी सान्दर्भिक निर्णय लिइयो ।

| सि. नं. | नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

| | | | |
|---|---|---|---|
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |

प्रस्तावहरू

१. मस्यौदा विनियम पारित गर्ने;

२. कार्ययोजना एवं सम्भाव्यता अध्ययन प्रतिवेदनको प्रारूप स्वीकृत गर्ने;

३. संस्था दर्ता गर्न अधिकार प्रत्यायोजन गर्ने;

४. संस्था दर्तापश्चात् सेयर र सदस्य प्रवेश शुल्कबापत उठेको रकम बैङ्कमा खाता खोली जम्मा गर्ने तथा खाता सञ्चालन गर्ने;

५. स्व-घोषणा-पत्रमा सहीछाप गर्ने;

६. आर्थिक तथा प्रशासनिक नियमावली (एवं बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिका) पारित गर्ने र

७. विविध।

निर्णयहरू

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रस्तावित … … … … … …सहकारी संस्था लि. को विनियम बनाउनका लागि मिति २०…..।…..।….. मा श्री … … ……………….को संयोजकत्वमा गठित मस्यौदा समितिले पेस गरेको विनियमको मस्यौदामाथि भेलामा व्यापक छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णयका साथै विनियमको प्रत्येक पानामा तदर्थ सञ्चालक समितिका सदस्यहरूका साथै अटेसम्म सबै जनाले हस्ताक्षर गर्ने निर्णयसमेत भयो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा तर्जुमा समितिहरूले पेस गरेका कार्ययोजनाको प्रारूप (अनुसुची ५) का साथै सम्भाव्यता अध्ययन प्रतिवेदन (अनुसुची ८)मा सम्बन्धमा छलफल गरी सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं. ३**

यस सम्बन्धमा छलफल गर्दा प्रस्तावित … … … … ………. …सहकारी संस्था लि. दर्ता गर्ने सिलसिलामा सबै सदस्यहरू सम्बन्धित निकायमा उपस्थित भएर कार्य गर्न विभिन्न व्यावहारिक कठिनाइले गर्दा

संस्था दर्ता गर्न एवं विनियमलगायतका अन्य कागजातमा आवश्यक सामान्य थपघट गरी प्रमाणित गर्नका लागि तदर्थ सञ्चालक समितिका … … … … … … श्री … … … … … …, … … … … … … श्री … … … … … … र … … … … … … श्री … … … … … …समेतलाई अधिकार प्रत्यायोजन (अनुसुची ६)गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस संस्थाका सदस्यहरूबाट उठेको सेयर तथा प्रवेश शुल्कबापतका रकम हाल तदर्थ सञ्चालक समितिका … … … … … … श्री … … … … … … को जिम्मामा रहेकोमा संस्था दर्ता भएपश्चात् … … … … … … बैङ्कमा तदर्थ सञ्चालक समितिका अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी संस्थाको नाममा खाता खोल्ने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तदर्थ सञ्चालक समितिका तर्फबाट पेस भएको स्व-घोषणा- पत्रको व्यहोराको मस्यौदा (अनुसुची ७) सर्वसम्मतिले पारित गरेर सबै जनाले सहीछाप गर्ने निर्णय भयो ।

## निर्णय नं. ६

मस्यौदा समितिहरूले पेस गरेका संस्थाको आर्थिक तथा प्रशासनिक नियमावली र (बचत परिचालन गर्ने संस्थाको हकमा) बचत परिचालन निर्देशिकाउपर व्यापक छलफल गरी पारित गरियो ।

# अनुसूची ५

## व्यावसायिक कार्ययोजनाको रूपरेखा

संस्थाको नाम :- … … … … … … … … …

ठेगाना :-… … … … … … … … …

क. उद्देश्य :-

१. …………… …………….. …………….. ………………

२. …………… …………….. …………….. ………………

३. …………… …………….. …………….. ………………

ख. कार्यहरू :-

१. …………… …………….. …………….. ………………

२. …………… …………….. …………….. ………………

३. …………… …………….. …………….. ………………

४. …………… …………….. …………….. ………………

५. …………… …………….. …………….. ………………

ग. आगामी ३ वर्षपछिको अवस्था प्रक्षेपण

१. सदस्यता विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य सङ्ख्या | | | | |
| – महिला | | | | |
| – पुरुष | | | | |
| – जम्मा | | | | |
| जम्मा सदस्यमा दलित समुदायको प्रतिशत | | | | |

२. व्यावसायिक सेवा विस्तार लक्ष्य

| **विवरण** | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **कैफियत** |
|---|---|---|---|---|
| • सदस्यको उत्पादन खरिद | | | | |
| – परिमाण (... ...) | | | | |
| – रकम (रु.) | | | | |
| – लाभान्वित हुने सदस्य (जना) | | | | |

| | | | | |
|---|---|---|---|---|
| • सदस्यलाई वस्तु वा सेवा विक्री | | | | |
| – परिमाण (... ...) | | | | |
| – रकम (रु.) | | | | |
| – लाभान्वित हुने सदस्य (जना) | | | | |
| • सदस्यलाई रोजगारीको अवसर सृजना<br>– प्रत्यक्ष पूर्णकालीन ( जना)<br>– अप्रत्यक्ष पूर्णकालीन ( वर्षमा २,०८० घण्टाको १ जनाको हिसाबमा जम्मा जना) | | | | |
| • सदस्यलाई ऋण सेवा (वार्षिक)<br>– रकम (रु.)<br>– जना | | | | |
| • सदस्यलाई बचत सेवा (मौज्दात)<br>– रकम (रु.) | | | | |

| | | | | |
|---|---|---|---|---|
| – जना | | | | |

३. सहकारी गतिविधि विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य शिक्षा (वार्षिक जना) | | | | |
| • गाउँ/टोल/उपक्षेत्रीय सदस्य बैठकहरू आयोजना (वार्षिक पटक) | | | | |
| • समुदायिक विकासका योजनाहरू सञ्चालन | | | | |

घ. पुँजीको स्रोत र उपयोग

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ● आवश्यकता | | | | |
| – स्थिर पुंजीतर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर आदि) | | | | |
| – चालु पुँजीतर्फ ( मौज्दात मालसामान, उधारो विक्री, नगद मौज्दात आदि) | | | | |
| – ऋण लगानीतर्फ | | | | |
| – जम्मा | | | | |
| ● स्रोत | | | | |
| – सेयर पुँजी | | | | |
| – जगेडा कोष | | | | |
| – अन्य (... ... ...) | | | | |
| – सदस्यको बचत ( सदस्यलाई ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

ङ कार्यान्वयन जिम्मेवारी बाँडफाँड

१. सञ्चालक समितिको जिम्मेवारी

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

२. गाउँ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

३. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

४. व्यवस्थापन कर्मचारीहरूको जिम्मेवारी

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

५. प्रत्येक सदस्यको जिम्मेवारी

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

च. कार्ययोजनाबाट सदस्यहरूको जीवनमा पर्ने प्रभावका सूचकहरू

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

छ. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधि

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

# अनुसूची ६

## अधिकार प्रत्यायोजनको पत्र

मितिः २०......।......।...

श्री प्रमुख प्रशासकिय अधिकारी ज्यू !

मुसिकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम ।

विषय :- अधिकार प्रत्यायोजन ।

महोदय,

यस प्रस्तावित ... ... ... ....... ... ...सहकारी संस्था लि. को मिति २०......।......।...... मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानुनबमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रोतर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरणलगायतका आवश्यक काम-कारबाई गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका ... ... ... ... श्री ... ... ... ... ... ... ..., ... ... श्री ... ... ... ... ... र ... ... ... श्री ... ... ... ... ... ...समेतलाई अधिकार प्रत्यायोजन गरिएको बेहोरा अनुरोध गर्दछौं । निजहरूले हाम्रो प्रतिनिधिको रूपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको

| नाम | ठेगाना | पद | दस्तखत नमुना |
|---|---|---|---|
| १. श्री | | | |
| २. श्री | | | |
| ३. श्री | | | |

| सि.नं. | सदस्यहरूको नाम, थर | ठेगाना | सहीछाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

द्रस्टव्य : अधिकार प्रत्यायोजन-पत्रमा आवेदक सबैको विवरण समावेश गर्नुपर्नेछ ।

## अनुसूची ७

## स्व-घोषणा-पत्रको नमुना

प्रस्तावित श्री ... ... ... ... .............. ...सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकहरूले प्रचलित कानुनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्यकारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौँ :

हामी आवेदकहरू कोही पनि–

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौँ;
- बैङ्क, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था / सङ्घ / राष्ट्रिय सहकारी बैङ्कको कानुनबमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौँ;
- यसअघि सहकारी संस्था खोली सदस्यहरूको रकम हिनामिना गरी कारबाईमा परेका वा फरार रहेका व्यक्ति हैनौँ;
- सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौँ र
- सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानुनबमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौँ ।

उपर्युक्त बेहोरा ठीक, साँचो हो । झुट्टा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला भनी सहीछाप गर्ने–

| सि. नं. | सदस्यको नाम, थर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नम्बर | सहीछाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

# अनुसूची ८

## सम्भाव्यता अध्ययन प्रतिवेदनको विषयवस्तु

१. परिचय

२. संस्था गठन गर्नुपर्नाको कारण

३. सदस्यताको जनसाङ्ख्यिक आधार

४.सहभागिताको औचित्य

५. व्यावसायिक सम्भाव्यता

५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमान

५.२ सदस्यहरूको संरक्षण (Patronage) सुनिश्चित गर्ने आधारहरू

५.३ कारोबारबाट हुने बचत (Surplus) को प्रक्षेपण

६. पुँजी आवश्यकता र स्रोत

६.१ आवश्यकताको अनुमान

६.२ स्रोत

६.३ पुँजी परिचालनका तर्कसम्मत आधारहरू

७. बजार विश्लेषण

७.१ नजिकको बजार

७.२ टाढाको बजार

७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरू

८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको सङ्ख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण

१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू

११. जनशक्ति व्यवस्था

१२. संस्थाको विकास र स्थायित्वका आधारहरू ।

# अनुसूची ९

## रकम जिम्मा लिएको भर्पाई

भर्पाई दादै प्रस्तावित ....................................... सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका ........................ श्री ........................ ......आगे उक्त सहकारी संस्था लि. का सदस्यहरूको............प्रारम्भिक भेलाको मिति...................को निर्णयबमोजिम प्रतिसेयर रु...........।- का दरले.............. जनाबाट जम्मा .................... कित्ताको हुन आउने जम्मा रकम रु. ....................... अक्षरेपि रुपैयाँ ....................... मात्र) र प्रवेश शुल्क व्यक्ति रु. .........।- का दरले हुन आउने रु. ................।- ( अक्षरेपि ........ ..............मात्र) गरी जम्मा रु. ................।- ( अक्षरेपि ...................... मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैङ्क खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाईमा सहीछाप गरी ............ नगरपालिकामा पेस गरेको छु । प्राप्त रकम हाल मेरो ....................मा रहेको ..........हिसाब नं. ................मा जम्मा गरी बैङ्क भौचर दाखिला गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैङ्क खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानुनबमोजिम कारबाई भएमा मेरो मञ्जुरी छ।

इति संवत् २०...... साल ........ महिना .... गते रोज ....शुभम् ।

# अनुसूची -१०

# बचत तथा ऋणको मुख्य कारोबार नगर्ने संस्था दर्ताको आवेदन दिने व्यक्ति र सदस्यको पहिचानसम्बन्धी कागजात तथा विवरणको सामान्य ढाँचा

## क. व्यक्तिगत विवरण

१. नाम,थर :

२. जन्म मिति :

३. नागरिकता प्रमाण पत्र नं. :

४. नागरिकता प्रमाण पत्र जारी गर्न कार्यालय :

५. लिङ्ग : ☐ महिला ☐ तेस्रो ☐

## ख. पारिवारिक विवरण

६. आमाको नाम :

७. बाबुको नाम :

८. बाजेको नाम :

९. वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐
एकल ☐

१०. पति वा पत्नीको नाम ,थर :

## ग. पेसाको विवरण

११.आफ्नो मुख्य पेसा

☐ खेतिपाती ☐ व्यवसाय ( खुलाउने ....)

☐ नोकरी (खुलाउने ......)

☐ वैदेशिक रोजगारी (खुलाउने .....)

☐ अन्य ( खुलाउने .................)

१२. स्थायी लेखा नम्बर भए :

१३. पति वा पत्नीको मुख्य पेसा

☐ खेतिपाती ☐ व्यवसाय ( खुलाउने .......)

☐ नोकरी ( खुलाउने .........)

☐ वैदेशिक रोजगारी ( खुलाउने .......)

☐ अन्य ( खुलाउने .................)

१४. आफैँ वा परिवारको क्नै सदस्य उच्च पदिय राजनीतिक, प्रशासनिक वा साङ्गठनिक भुमिकामा रहे, नरहेको

☐ रहेको ☐ नरहेको

१५. आफैँ वा परिवारको क्नै सदस्य उच्च पदिय राजनीतिक, प्रशासनिक वा साङ्गठनिक भुमिकामा भए, विवरण

१. नाम :

२. नाता :

३. पद वा सार्वजनिक भूमिका :

## घ. रहनसहनको विवरण

१६. स्थायी ठेगाना

१. प्रदेश : २. नगरपालिका :

३. वडा : ४. गाँउ /टोल :

५. घर नं. : ६. सम्पर्क नं. :

१७. अस्थायी ठेगाना

१. प्रदेश : २. नगरपालिका :

३. वडा : ४. गाँउ /टोल :

५. घर नं. :

१८. संस्थाको कार्यक्षेत्रको बसोबास :

स्थायी ☐ अस्थायी ☐

१९. मतदाता परिचय पत्र नं. :

२०. मतदानस्थल : ............................

## ङ. सहकारी सदस्यता

२१. संस्थाको सदस्य बन्नुको उद्देश्य :

२२. आफैं अर्को सहकारी संस्थाको पनि सदस्य भए, नभएको

☐ भएको ☐ नभएको

२३. आफैं अर्को सहकारी संस्थाको पनि सदस्य भएको भए विवरण

| **सि.नं.** | **संस्थाको नाम, ठेगाना** | **सदस्याता नं.** |
|---|---|---|
| १) | | |

## च. आयस्रोतको विवरण

२४. वार्षिक पारिवारिक (आफ्नो, पति वा पत्नीको र एउटै भातभान्छाका सदस्यहरुको) आम्दानी (जग्गाको खुद आयस्ता, नोकरीको पारिश्रमिक, व्यवसायको मुनाफा, इत्यादी)

☐ रु. ४ लाखसम्म

☐ रु. ४ लाखभन्दा बढी रु. १० लाखसम्म

☐ रु. १० लाखभन्दा बढी रु. २५ लाखसम्म

☐ रु. २५ लाखभन्दा बढी रु. ५० लाखसम्म

☐ रु. ५० लाखभन्दा बढी

२५. अभिलेखमा राख्नयोग्य थप विवरण वा द्रष्टव्य

.............................................................................

## छ. स्व-घोषणा

१) मैले पेस गरेको यो विवरणमा भविष्यमा कुनै परिवर्तन आएमा त्यस्तो परिवर्तन भएका मितिले ३५ दिनभित्र संस्थामा पेस गर्नेछु ।

२) मैले माथि पेस गरेको मेरो सम्पूर्ण विवरण ठीक, दुरुस्त छ । झुट्टा ठहरे कानुनबमोजिम सहुँला,बुझाउला ।

औँठाछाप

| | | |
|---|---|---|
| दस्तखत : | दायाँ | वायाँ |
| नाम : | | |

मिति :

## ज. संलग्न कागजातहरु

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ☐

## झ. सिफारिस (दर्ता भएपश्चात् हुने सदस्यको हकमा)

यसमा उल्लेख भएका श्री ........................................ लाई म राम्ररी चिन्दछू । निजले मेरो रोहबरमा सहीछाप गरेका हुन् । मैले जानेबुझेसम्म निजले पेस गरेको विवरण ठीक भएकाले निजको निवेदनअनुसार सहकारी संस्थाको सदस्यता प्रदान गर्न सिफरिस गर्दछु ।

**सिफरिसकर्ता सदस्यको**

दस्तखत :

नाम :

सदस्यता नं. :

**सिफरिसकर्ता सदस्यको**

दस्तखत :

नाम :

सदस्यता नं. :

# अनुसूची -११

## बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था दर्ताको आवेदन दिने व्यक्ति र सदस्यको पहिचानसम्बन्धी कागजात तथा विवरणको सामान्य ढाँचा

### क. व्यक्तिगत विवरण

१. नाम,थर :

२. जन्म मिति :

३. नागरिकता प्रमाण पत्र नं. :

४. नागरिकता प्रमाण पत्र जारी गर्न कार्यालय :

५. लिङ्ग : महिला ☐ पुरुष ☐ तेस्रो ☐

### ख. पारिवारिक विवरण

६. आमाको नाम :

७. बाबुको नाम :

८.वैवाहिक स्थितिः विवाहित ☐ अविवाहित ☐ एकल ☐

९. पति वा पत्नीको नाम ,थर :

१०.परिवारको किसिम

☐ संयुक्त र एकै भातभान्छा

☐ संयुक्त तर अलग भातभान्छा

☐ छुट्टिभिन्न वा एकसरुवा (न्युक्लियर)

## ग. पेसाको विवरण

११.आफ्नो मुख्य पेसा

☐ खेतिपाती ☐ व्यवसाय (खुलाउने .....)

☐ नोकरी ( खुलाउने .........)

☐ वैदेशिक रोजगारी ( खुलाउने .........)

☐ अन्य ( खुलाउने ..................)

१२. स्थायी लेखा नम्बर भए :

१३. पति वा पत्नीको मुख्य पेसा

☐ खेतिपाती ☐ व्यवसाय (खुलाउने .....)

☐ नोकरी ( खुलाउने ............)

☐ वैदेशिक रोजगारी ( खुलाउने .........)

☐ अन्य ( खुलाउने ..................)

१४. आफु, पति वा पत्नीबाहेक परिवारमा अर्को मुख्य कमाउने सदस्य

१४.१ नाता :

१४.२ पेसा :

☐ खेतिपाती ☐ व्यवसाय ( खुलाउने ......)

☐ नोकरी ( खुलाउने ...........)

☐ वैदेशिक रोजगारी ( खुलाउने ...........)

☐ अन्य ( खुलाउने .................)

१५. आफैँ वा परिवारको क्नै सदस्य उच्च पदिय राजनीतिक, प्रशासनिक वा साङ्गठनिक भुमिकामा रहे, नरहेको

☐ रहेको ☐ नरहेको

१६. आफैँ वा परिवारको कुनै सदस्य उच्च पदिय राजनीतिक, प्रशासनिक वा साङ्गठनिक भुमिकामा भए, विवरण

१. नाम :

२. नाता :

३. पद वा सार्वजनिक भूमिका :

## घ. रहनसहनको विवरण

१७. स्थायी ठेगाना

१. प्रदेश : २. नगरपालिका :

३. वडा : ४. गाँउ /टोल :

५. घर नं. : ६. सम्पर्क नं. :

७. इमेल आई.डी. :

१८. अस्थायी ठेगाना

१. प्रदेश : २. नगरपालिका :

३. वडा : ४. गाँउ /टोल :

५. घर नं. :

१९. संस्थाको कार्यक्षेत्रको बसोबास : स्थायी ☐

अस्थायी ☐

२०. मतदाता परिचय पत्र नं. :

२१. मतदानस्थल : .............................

२२.संस्थाको कार्यक्षेत्रमा वर्षमा बिताउने अवधि :

२३. राहदानी नं. भएमा :

ङ. सहकारी सदस्यता

२४. संस्थाको सदस्य बन्नुको उद्देश्य :

२५. आफैं अर्को सहकारी संस्थाको पनि सदस्य भए, नभएको

☐ भएको ☐ नभएको

२६. आफैं अर्को सहकारी संस्थाको पनि सदस्य भएको भए विवरण

| सि.नं. | संस्थाको नाम, ठेगाना | सदस्याता नं. |
| --- | --- | --- |

१)

२)

२७. आफुबाहेक परिवारको सदस्य अर्को सहकारी संस्थाको पनि सदस्य भए, नभएको

☐ भएको ☐ नभएको

२८. आफुबाहेक परिवारको सदस्य अर्को सहकारी संस्थाको पनि सदस्य भएको भए विवरण

**सि.नं.** **संस्थाको नाम, ठेगाना सदस्याता नं.**

१)

२)

## च. आयस्रोतको विवरण

३३. वार्षिक पारिवारिक (आफ्नो, पति वा पत्नीको र एउटै भातभान्छाका सदस्यहरुको) आम्दानी (जग्गाको खुद आयस्ता, नोकरीको पारिश्रमिक, व्यवसायको मुनाफा,इत्यादी)

☐ रु. ४ लाखसम्म

☐ रु. ४ लाखभन्दा बढी रु. १० लाखसम्म

☐ रु. १० लाखभन्दा बढी रु. २५ लाखसम्म

☐ रु. २५ लाखभन्दा बढी रु. ५० लाखसम्म

☐ रु. ५० लाखभन्दा बढी

२५. अभिलेखमा राख्नयोग्य थप विवरण वा द्रष्टव्य

............................................................................

..............................................................................

## छ. स्व-घोषणा

१) मैले पेस गरेको यो विवरणमा भविष्यमा कुनै परिवर्तन आएमा त्यस्तो परिवर्तन भएका मितिले ३५ दिनभित्र संस्थामा पेस गर्नेछु ।

२) मैले माथि पेस गरेको मेरो सम्पूर्ण विवरण ठीक, दुरुस्त छ । झुट्टा ठहरे कानुनबमोजिम सहुँला,बुझाउला ।

औँठाछाप

| दस्तखत : | दायाँ | वायाँ |
|---|---|---|
| नाम : | | |

मिति :

